मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल
०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :-
चलानी नं. :-

दोश्रो पटक सूचना प्रकाशन मिति २०८३/०७/१८

यस कार्यालयको चालु आ.व.२०८३/८४ को स्विकृत पशु सेवा तर्फको कार्यक्रम अनुसार मन्थली नगरपालिका वडा नं. १ बजार आसपासमा रहेका सामुदायिक तथा घरपालुवा कुकुरहरु नियन्त्रण गरि स्थायी बन्ध्याकरण र रेविज खोप शिविर कार्यक्रम (१) स्थानमा सम्पन्न गर्नको लागि प्रथम पटक मिति २०८३/०६/०१ गतेका दिन १५ दिने सार्वजानिक सूचना प्रकाशन गरिएकोमा उक्त सूचनाको समयावधि भित्र यस कार्यालयमा पेश भएका प्रस्तावकहरुले आबश्यक कागजातहरु पूर्ण रुपमा पेश नगरेको पाईएकोले पून: दोश्रो पटक यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८३/०८/०२) भित्र कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३ को अधिनमा रहि कार्य गर्न ईच्छुक संघ/संस्था/फर्महरुको लागि तपसिल बमोजिमका आवश्यक कागजातहरु सहित यस कार्यालयमा प्रस्ताव पत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>पेश गर्नुपर्ने कागजातहरु</u> :

१ संस्था दर्ता/नविकरण/करचुक्ता/ प्यान दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।
२ अनुमानित लागत आयोजना प्रस्ताव पत्र संलग्न हुनुपर्नेछ ।
३ संघ/संस्थामा संलग्न दर्तावाला पशु चिकित्सकहरुको विवरण ।
४ संस्था दर्ता तथा संस्थाले कार्य गरेको अनुभव खुल्ने प्रमाणपत्रहरुको प्रतिलिपिहरु ।
५ पशु चिकित्सकहरुले सम्बन्धित क्षेत्रमा काम गरेको अनुभवको विवरण ।

थप जानकारीको लागि : कार्यालयको वेवसाट WWW.manthalimun.gov.np बाट हेर्न वा यस कार्यालयको पशु सेवा शाखामा सम्पर्क राख्न हुन अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत